नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

## बाढी पूर्वानुमान शाखा

पत्र संख्या :
च. नं. :

## विशेष बाढी पूर्वसूचना बुलेटिन

जारी मितिः २६ श्रावण २०७४, दिनको २:१० बजे

१) आज देखि नेपालभर मनसुन थप सक्रिय बनेको छ र विशेषगरी पूर्वी र मध्य नेपालका सवैजसो स्थानमा हल्का देखि मध्यम वर्षा हुन शुरु भएको छ। मौसमी भविष्यबाणी अनुसार मध्य भुभागको तराई र महाभारत सम्मको क्षेत्र देखि पुर्वी नेपालको तराई र महाभारत सम्मको सवै क्षेत्रमा आज राती देखि भोली सम्मै मध्यम देखि भारी वर्षाको आंकलन गरिएको छ।

२) कम्प्युटर मोडलहरुमार्फत गरिएका बाढी भविष्यबाणीहरुले आज राती देखि पूर्वको कन्काई, कोसी, कमला र मध्य भुभागको बागमती, पूर्वराप्ती लगायत नदीजलाधारहरुमा बहाब सतर्कता तह आसपास पुग्ने अनुमान गरिएको छ। पानी पर्ने क्रम भोली बेलुकी सम्मै निरन्तर रहन सक्ने देखिएकोले आज र भोली देखि बहाब झनै बढ्न सक्ने देखिएको हुंदा उल्लेखित नदी जलाधारहरुका विशेषगरी तराईका तटीय तथा डुवान भईरहने क्षेत्रमा भोली बिहानपछी बहाबले खतरा तह समेत पार गर्न सक्छ। उल्लेखित मध्य केही नदीजलाधारहरुमा खतरा तह भन्दा पनि धेरै माथील्लो बहाब समेत हुन सक्ने संभावना रहेको छ। यस वाहेक विशेशगरी चुरेबाट प्रबाह हुने साना नदीहरुः मेची, निन्दा, बिरिङ, पथरी, त्रियुगा, रातु, खांडो, गागन, लालबकैया र आसपासका सवै स-साना खोलानालाहरुका तटिय भुभागहरु पनि आज देखी भोली बेलुकी सम्मै उच्च जोखिममा छन।

३) विकसीत हुंदै गरेको यस विशेष मौसमी परिवेशमा उल्लेखित नदी तटीय क्षेत्रका सवै स्थानिय सर्वसाधारण, सो क्षेत्रमा आवतजावत गर्ने व्यक्तीहरु र संबन्धित सवै सरोकारवाला निकायहरु अत्यन्तै सजगतामा रही पूर्वतयारी गर्नुहुन र प्रतिकार्यका लागि तयारी अवस्थामा रहनुहुन समेत विशेष अपिल गरिन्छ।

(राजेन्द्र शर्मा)
प्रमुख
बाढी पूर्वानुमान शाखा

E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155
Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सचूना), Twitter: @DHM_FloodEWS